नेपाल सरकार

# भरतपुर महानगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## प्रदेश नं. ३, चितवन

## महानगरपालिका क्षेत्र भित्रको फोहर व्यवस्थापन गरी फोहर बाट ऊर्जा उत्पादन गर्नको लागि योग्य आवेदक (लगानीकर्ता) छनौट गर्ने सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मितिः २०७४/०९/०१**

१) नेपाल सरकारले विश्व बैंकबाट Scaling Up Renewable Energy Program (SREP):Extended Biogas Project को लागि अनुदान प्राप्त गरेको र सोको केही अंश यस महानगरपालिका भित्र उत्पादन हुने फोहरलाई व्यवस्थित गरी ऊर्जा उत्पादन गर्ने कार्यका लागि अनुदान स्वरूप खर्च गर्न चाहेको हुँदा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा विश्व बैंकबाट स्वीकृत विधि एवं प्रक्रिया बमोजिम देशका सम्पूर्ण योग्य लगानीकर्ताहरूको लागि यस महानगरपालिकाबाट योग्यता सम्बन्धी यो सूचना आह्वान गरिएको छ ।

२) भरतपुर महानगरपालिका प्रदेश नं. ३ मा रहेको एक महानगरपालिका हो, जहाँ बाक्लो बस्ती र व्यापारिक गतिविधिहरूमौजुदा रहेका छन् । यसबाट दैनिक रूपमा उल्लेखनीय परिमाणमा विभिन्न प्रकारको फोहर उत्पादन भैरहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र फोहर मैला व्यवस्थापन ऐन २०६८ ले महानगरपालिकालाई यस्तो फोहरको व्यवस्थापन गर्ने अधिकार दिएको छ, तदनुसार यस महानगरपालिकाले नगर क्षेत्रमा उत्पन्न फोहरबाट ऊर्जा उत्पादन गर्ने लक्ष्य लिई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग सहकार्य गरेको छ ।

३) यस प्रक्रियामा सहभागी हुन इच्छुक आवेदकहरुले भरतपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालय, भरतपुर, चितवन वा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, खुमलटार, ललितपुरबाट लिखित निवेदन पेश गरी योग्यता सम्बन्धी कागजातहरु प्राप्त गर्न सक्नेछन् । निवेदनको साथमा कम्पनी/फर्म दर्ताको प्रमाण-पत्र, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्रहरुको प्रतिलिपि पेश गर्नुपर्नेछ । योग्यतासम्बन्धी कागजातहरु यो सूचना प्रकाशित भएको मितिले ३०औं दिनको १२ बजेसम्म महानगरपालिका नगरकार्यपालिकाको कार्यालय वा केन्द्रबाट रू. १ हजारमा खरिद गर्नु पर्नेछ ।

४) यस कार्यको पूर्व बोलपत्र वैठक मिति २०७४/९/२१ का दिन २ बजे महानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा हुनेछ ।

५) योग्यतासम्बन्धी आवेदन तथा कागजातहरू सीलबन्दी रूपमा मिति २०७४/१०/२ का दिन १२ बजेभित्र नगरकार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त कागजातहरू उपर कारवाही गरिने छैन ।

६) सीलबन्दी गरिएका कागजातहरू उपस्थित हुन चाहेका आवेदकहरूको रोहवरमा मिति २०७४/१०/२ का दिन १ बजे नगरकार्यपालिकाको कार्यालयमा खोलिने छ । योग्यताका कागजातहरू खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिनसम्मको लागि मान्य हुनेछन् ।

७) योग्यतासम्बन्धी कागजातहरु पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समय कायम हुनेछ ।

८) कुनै वा सबै योग्यताका कागजातहरू स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरकार्यपालिकाको कार्यालयमा रहने छ ।

९) यससम्बन्धी थप जानकारी नगरकार्यपालिकाको कार्यालय वा केन्द्रको निम्न उल्लिखित ठेगानामा सम्पर्क गरी प्राप्त गर्न सकिने छ । योग्यतासम्बन्धी मूल्यांकनका आधारहरू योग्यतासम्बन्धी कागजातमा स्पष्ट उल्लेख गरिएको छ ।

**भरतपुर महानगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, फोन नं : ०५६-५२०६९१
इमेलः **bmc@ntc.net.np**
वेवसाइटः www.bharatpurmun.gov.np

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
खुमलटार, ललितपुर
फोन नं: ०१-५५३९३९०/५५३९३९१
इमेलः **info@aepc.gov.np**
वेवसाइटः www.aepc.gov.np